# नेपाली भाषा र मगर भाषाबिच पदसङ्गतिको तुलनात्मक अध्ययन

हरिपर्पन पोखरेल

परीक्षा क्रमाङ्क : २३३००१३/२०६९

त्रि.वि.दर्ता नं.९-२-५-३२३१-२००७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस,

नेपाली भाषा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको

नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

२०७१/२०१५

सिन्धुली बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह ( एम.एड.) दोस्रो वर्षका छात्र हरिपर्पन पोखरेलले नेपा.शि. ५९८ को विशिष्टीकरणका लागि सिन्धुली जिल्ला आम्बोटे गा.वि.स. र आसपासमा बोलिने **नेपाली भाषा र मगर भाषाबिचको पदसङ्गतिको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अत्यन्त परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : सन्

शोधनिर्देशक

उपप्रा.अर्जुनप्रसाद पौडेल

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली

# सिन्धुली बहुमुखी क्याम्पस

# ढुङ्ग्रेवास, सिन्धुली

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागका छात्र हरिपर्पन पोखरेलले सिन्धुली जिल्लाको आम्बोटे गा.वि.स. र आसपासका क्षेत्रमा बोलिने नेपाली भाषा र मगर भाषाबिचको पदसङ्गतिको तुलनात्मक अध्ययन शीर्षकमा तयार पार्नु भएको शोधपत्र नेपाली भाषा शिक्षा ५९८ को पाठ्यांशका लागि उपयुक्त देखिएकोले स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| नाम | हस्ताक्षर |
|---|---|
| १.उपप्रा.अर्जुनप्रसाद पौडेल ( विभागीय प्रमुख/शोधनिर्देशक ) | |
| २.सहप्रा.डा.यादवप्रकाश लामिछाने (बाह्य परीक्षक) | |
| ३.उपप्रा.भानुभक्त गुरुङ | |
| ४.उपप्रा. कृष्णप्रसाद निरौला | |

# कृतज्ञताज्ञापन

सिन्धुली बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागको स्नातकोत्तर तह दोश्रो वर्षको नेपा.शि.५९८ को पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत **'नेपाली भाषा र मगर भाषाबिच पदसङ्गतिको तुलनात्मक अध्ययन'** शीर्षकको शोधपत्रलाई यस स्वरुपमा ल्याउन विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख तथा शोधनिर्देशक उपप्राध्यापक आदरणीय गुरु श्री अर्जुनप्रसाद पौडेल, गुरुहरु भानुभक्त गरुङ एवम् कृष्णप्रसाद निरौलाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसैगरी क्याम्पस प्रमुख मिमप्रसाद घिमिरेज्यूमा पनि हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी यस कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण मान्यवर तथा मित्रजनप्रति हार्दिक आभार प्रकट गर्दछु । आदरणीय हजुरआमा हर्ककुमारी पोखरेल, पिता कृष्णप्रसाद पोखरेल, माता गान्धारी पोखरेल, दाजुहरु पृथ्वीविलास पोखरेल, चोताद्रि पोखरेल, तुलसीराम पोखरेल, इन्द्रप्रसाद पोखरेल र देशकुमार पोखरेल, भाउजुहरु दुर्गा पोखरेल, इन्दिरा पोखरेल, राधा पोखरेल, अञ्जु पोखरेल, सञ्जिता पोखरेल, धर्मपत्नी मञ्जु पोखरेल, भिनाजुहरु रामप्रसाद दाहाल, रघुनाथ कोइराला, वासुदेव काफ्ले, दिदीहरु शान्ता दाहाल, रञ्जु कोइराला र मञ्जु काफ्लेमा हार्दिक आभार प्रकट गर्दछु । यसैगरी मेरा आदरणीय ज्वाइँहरु सुबोध दाहाल, बलराम सुवेदी तथा भाञ्जा भाञ्जीहरुमा पनि हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी मेरा प्यारा छोराछोरीहरु प्रकाश, खुसीराज, पवन, निर्मल, सन्देश, सञ्जीव, शर्मिला, सम्झना, तारा, जुना, सपना, सविना, ज्योति, निर्जला, करिश्मा, सुरक्षा सबैमा स्नेह प्रकट गर्दछु । समयमै टङ्कन कार्य गर्ने आयुशा बुक्सलाई पनि धन्यवाद दिँदै आवश्यक मूल्याङ्कनका लागि पेश गर्दछु ।

शोधार्थी

हरिपर्पन पोखरेल

# शोधसार

**शोधशीर्षक :** नेपाली र मगर भाषाबिच पदसङ्गतिको तुलनात्मक अध्ययन

**शोधार्थी :** हरिपर्पन पोखरेल

**शोधनिर्देशक** : उपप्रा. अर्जुनप्रसाद पौडेल

**क्याम्पस/विभाग :** सिन्धुली बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग

**शैक्षिक वर्ष :** २०६७/२०६९

**अध्याय :** पाँच

**पृष्ठसङ्ख्या :** १४+४९+९

**शोधको समस्या :**

भाषा सिकाइ सिप सिकाइ हो । भाषिक विशेषतानुसार भाषा सिकाइ अध्ययन फरक-फरक हुन्छन् तापनि सिकाइलाई प्रायोगिक किसिमले सञ्चालन गरियो भने दोस्रो भाषाका रुपमा सिकिने हरेक भाषा सिकाइनुकूल बन्न सक्दछन् । नेपालमा नेपाली मातृभाषी बाहेकका लागि नेपाली भाषाा सिकाइ दोस्रो भाषाको रुपमा अध्ययनीय रहेको छ । दोस्रो भाषा सिकाइमा पहिलो अर्थात् मातृभाषाले पनि प्रत्यक्ष असर पार्ने हुनाले स्तरीय नेपालीको सिकाइमा बहुभाषिक सन्दर्भबाट भाषा सिकाइलाई लानु सान्दर्भिक र आवश्यक ठहरिएको छ भने प्राथमिक तहको पठनपाठन आ-आफ्नो मातृभाषामा नै दिनुपर्ने राज्यको शैक्षिक नीति पनि रहेकोले यस परिस्थितिमा नेपाली भाषा र मगर भाषाबिचका विभिन्न भाषिक व्यवस्थामा जटिलता देखा परे पनि अध्ययनका आधारमा पदसङ्गतिलाई तुलनात्मक रुपमा अध्ययन गर्नु र भाषिक सम्प्रेषणमा पदसङ्गतिले वाक्यका तहबाट विचार विनिमयको आधारभूत आवश्यकताको काम गर्ने सम्भावना रहेकाले यस कार्यमा आइपर्ने कठिनाइहरुलाई संश्लेषित रुपमा समस्याकथनको विषयवस्तु बनाइएको छ । जसअन्तर्गत नेपाली भाषा र मगर भाषाका पदसङगतिको अवस्था के-कस्तो रहेको छ ? यी दुईका बिच के-कस्ता समानता र असमानता रहेका छन् ? जस्ता मुख्य बुँदाहरु नै प्रस्तुत शोधकार्यका समस्याकथन बन्न पुगेका छन् ।

क) नेपाली र मगर भाषाको पदसङ्गतिको अवस्था के-कस्तो रहेको छ ?

ख) नेपाली र मगर भाषाका पदसङ्गतिका आधारहरु के-के हुन ?

ग) यी दुईबिच के-कस्ता समानता र असमानता रहेका छन् ?

**अध्ययनको उद्देश्य**

क) नेपाली भाषा र मगर भाषाबिचको पदसङ्गतिको अवस्था पत्ता लगाउनु,

ख) नेपाली भाषा र मगर भाषाको पदसङ्गतिको तुलनात्मक अध्ययन गर्नु,

ग) यी दुईबिचका समानता र असमानता पहिल्याउँदै निष्कर्ष प्रस्तुत गर्नु ।

## अध्ययन विधि र प्रक्रिया

यस शोधको अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना/अध्ययनको क्षेत्र, नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलनका उपकरणहरु, प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रियाका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत अध्ययनको ढाँचा तुलनात्मक पद्धतिको रहेको छ । दुई भाषाबिचको पदसङ्गतिगत तुलना गर्नुपर्ने र मगर भाषाका लागि सीमाङ्कनमा उल्लिखित क्षेत्रमा गई भौगोलिक सर्वेक्षणद्वारा प्राप्त तथ्याङ्कलाई आधार बनाइएको हुनाले त्यसै आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।

यस अध्ययनका लागि आवश्यक जनसङ्ख्या र नमुनाका लागि सिन्धुली जिल्ला, आम्बोटे गा.वि.स. र आसपासका क्षेत्रमा रहेका मगरभाषीमध्ये मूल बक्तालाई नमुनाका रुपमा लिइएको छ ।

यस अध्ययनको क्षेत्रमा परेका मगरभाषी बक्ताका अभिव्यक्तिअन्तर्गत पदसङ्गतिगत स्वरुपभित्र पर्ने वाक्यात्मक भाषिक एकाइलाई नमुनाका रुपमा छनोट गरिएको छ ।

यस अध्ययनका लागि आवश्यक सूचना सङ्कलनका सामग्रीमा अध्याय दुईको सैद्धान्तिक प्रारुपमा उल्लेखित सन्दर्भ कृति र अध्ययन क्षेत्रका मगर भाषाका बक्ताहरुको भाषिक अभिव्यक्तिलाई सामग्री बनाइएको छ ।

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीहरु प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सङ्कलन गरिनेछ । सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन र क्षेत्रीय अध्ययन दुवै पद्धति अपनाइएको छ । क्षेत्रीय अध्ययनका क्रममा सम्बन्धित व्यक्तिहरुसँग प्रत्यक्ष भेटी कुराकानी गरी तथ्य सङ्कलन गरिएको छ ।

प्रस्तुत नेपाली र मगर भाषाबिच पदसङ्गतिको तुलनासक्बन्धी अध्ययनमा तीन किसिमको अध्ययन विश्लेषण प्रक्रिया अपनाइएको छ । प्रथमतः नेपाली भाषा व्याकरणका पदसङगतिगत नियमहरुलाई निगमनात्मक विधिबाट अगाडि राखी मगर भाषाका भाषिक अभिव्यत्तिलाई पदसङ्गतिको स्वरुपमा ढालिएको छ । त्यस पछि मगर भाषासम्बन्धी प्रकाशित कृति र अप्रकाशित शोधपत्रहरुबाट बिश्लेषणका आधार तयार गरिएको छ र अन्त्यमा तुलनात्मक पद्धति अँगालिएको छ । तुलनात्मक पद्धतिअन्तर्गत यी दुई भाषाबिचको विविध पदसङ्गतिका स्वरुप एवम् समानता र असमानता पर्गेल्दै वास्तविक तथ्य प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यमा तुलनात्मक पद्धतिलाई नै जोड दिइएको छ ।

**निष्कर्ष**

नेपालमा बोलिने भारोपेली भाषा परिवारअन्तर्गत रहेका नेपाली भाषाका वक्ताहरुको सङ्ख्या ४८.६१ प्रतिशत र भोट बर्मेली भाषा परिवारअन्तर्गत रहेको मगर भाषाका वक्ताहरुको सङ्ख्या ३.३९ प्रतिशत रहेको छ । नेपाल बाहेक यी दुवै भाषा भारत, हङकङ, भुटान र बर्मासम्म फैलिएको पाइन्छ । नेपालको अन्तरिम संधिवान २०६३ ले नेपालमा बोलिने सम्पूर्ण भाषालाई राष्ट्रभाषा मानिने कुरा उल्लेख गरेको छ । तुलनात्मक रुपमा बहुसङ्ख्यक नेपालीहरुले बोल्ने नेपाली भाषा र अल्पसङ्ख्यक मगरहरुले बोल्ने मगर भाषाबीच हालसम्म कसैबाट पनि तुलनात्मक अध्ययन गरिएको देखिँदैन ।

नेपाली भाषाको प्चार भानुभक्तद्वारा लिखित ‘रामायण’ बाट गरिनुपूर्व नै जे.ए. एटनले नेपाली भाषाको व्याकरण लेखनकार्य गरिसकेका थिए । तर तुलनात्मक रुपमा मगर भाषमा यसरी व्याकरण लेखनका क्षेत्रमा भने अत्यन्त न्यून सङ्ख्यामा मात्र लेखन कार्य भएको देखिन्छ । प्रस्तुत शोधकार्यमा नेपाली र मगर व्याकरणका विविध कोटिहरुलाई पन्छाउँदै त्यसमा पनि यी दुई भाषाबीचको पदसङ्गगतिको तुलना मात्र गरिएको छ । बृहत् रुपमा भने तुलनात्मक अध्ययन गर्न सकिएको छैन तापनि नेपाली भाषाका वाक्य तह, अन्तरवाक्य तह र पदावलीका तहमा लिङ्ग, वचन, पुरुष र आदरार्थीका आधारमा पदसङ्गतिको तुलना गरिएको छ ।

नेपाली भाषाका कर्तापद र क्रियापदबीच मेल हुँदा लिङ्ग सङ्गति देखिन्छ तर मगर भाषाका कर्ता र क्रियाबीच मेल हुँदा लिङ्ग सङ्गति देखिदैन । नेपाली भाषामा निम्न आदर तथा स्त्रीलिङ्ग मध्यम आदरका कर्ता र क्रियाबीच मेल हुँदा वचन सङ्गति देखिन्छ तर मगर भाषामा भने एकवचनबाट बहुवचनमा परिवर्तन गर्दा आज्ञार्थका कर्ता र क्रियाबीच मात्र वचन सङ्गति देखिन्छ । मगर भाषामा आज्ञार्थ बाहेकका अन्यार्थमा भने कर्ता र क्रियाबीच वचन सङ्गति देखिँदैन । नेपाली भाषाका कर्ता र क्रियाबीच मेल हुँदा पुरुष सङ्गति देखिन्छ तर मगर भाषाका कर्तापद र क्रियापदबीच मेल हुँदा नेपाली भाषाभन्दैं पुरुष सङ्गति देखिँदैन । नेपाली भाषाका वाक्यात्मक संरचनाहरुमा कर्ता र क्रियाबीच मेल हुँदा आदर सङ्गति देखिन्छ तर मगर भाषामा देखिँदैन । नेपाली भाषाका कर्मवाच्यका वाक्यात्मक संरचनामा मानवीय एकवचन तथा निम्न र मध्यम आदरमा कर्म र क्रियाबीच लिङ्ग सङ्गति देखिन्छ । तर मगर भाषमा भने कर्ता र क्रियाबीच मेल हुँदा यसप्रकारको वचन सङ्गति देखिँदैन । नेपाली भाषाका कर्मवाच्यमा निम्न र मध्यम आदरका कर्म र क्रियाबीच पुरुष सङ्गति देखिन्छ तर मगर भाषामा नेपाली भाषामा झैं कर्म र क्रियाबीच अन्वय हुँदा पुरुष सङ्गति देखिँदैन । नेपाली भाषाका कर्मवाच्यमा पनि कर्तृवाच्यमा झैं कर्म र क्रियाबीच मेल हुँदा आदरसङ्गति देखिन्छ । तर मगर भाषाका वाक्यात्मक संरचनाहरुमा भने कर्म र क्रियाबीच मेल हुँदा यस किसिमको आदर सङ्गति देखिँदैन । नेपाली तथा मगर भाषाका नाम र सर्वनामबीच मेल हुँदा दुवै भाषामा वचन सङ्गति देखिन्छ । नेपाली तथा मगर दुवै भाषाका वाक्यात्मक संरचनाका नामपद र सर्वनामबीच आदर सङ्गति देखिन्छ । नेपाली भाषाका पदावलीका तहमा केही सीमित विशेषण र विशेष्यबीच मेल हुँदा लिङ्ग र वचनभेद पाइन्छ । मगर भाषामा सन्तानका क्रममा आउने विशेषण र विशेष्यबीच मेल हुँदा मात्र लिङ्ग सङ्गति

देखिन्छ तर सन्तानका क्रम बाहेकका अन्य विशेषण र विशेष्यबिच मगर भाषामा सङ्गति देखिँदैन । नेपाली भाषाका पदावलीका तहमा केही सीमित भेदक र भेद्यका बीच मेल हुँदा लिङ्ग र वचनभेद देखिन्छ तर मगर भाषामा भेदक र भेद्यबीच मेल हुँदा कुनै पनि आधारमा पदसङ्गति भेटिँदैन, नेपाली तथा मगर भाषामा नामपदानुसार कोटिकारको प्रयोग हुने अवस्था छ, नेपाली तथा मगर दुवै भाषाका क्रिया र अनुकरणात्मक शब्दबीच यस किसिमको सङ्गति देखिन्छ । नेपाली तथा मगर भाषामा प्राणी र थातबासबीच सङ्गति पाइन्छ । नेपाली तथा मगर दुबै भाषामा प्राणी र मलबीच सङ्गति देखिन्छ, नेपाली तथा मगर भाषाका सर्वनाम र विभक्तिका बीचमा सङ्गति देखिन्छ ।

# विषयसूची

सिफारिसपत्र

स्वीकृतिपत्र

कृतज्ञताज्ञापन

शोधसार

विषयसूची

तालिकासूची

सङ्क्षेपीकृतसूची

## अध्याय एक

## शोधपरिचय

| | पृष्ठ |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १-३ |
| १.२ समस्याकथन | ३-४ |
| १.३ शोधको उद्देश्य | ४ |
| १.४ शोधको औचित्य र महत्व | ४ |
| १.५ शोधको सीमाङ्कन | ५ |
| १.६ शोधपत्रको रुपरेखा | ५ |

## अध्याय दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा | ६-७ |
| २.२ पूर्वकार्यको उपादेयता | ७ |
| २.३ सैद्धान्तिक प्रारुप | ७ |

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया


३.१ अध्ययनको ढाँचा ८

३.२ जनसङ्ख्या र नमुना/ अध्ययनको क्षेत्र ८

३.३ नमुना छनोट ८

३.४ तथ्याङ्क/ सूचना सङ्कलनका उपकरणहरु वा सामग्री निर्माण ९

३.५ तथ्याङ्क/ सूचना सङ्कलनका प्रक्रियाहरु वा सामग्रीका स्रोत र सङ्कलन ९

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया ९


## अध्याय चार

## व्याख्या तथा विश्लेषण


४.१ नेपाली व्याकरणको पदसङ्गतिको सैद्धान्तिक परिचय र मगर भाषाको पदसङ्गतिको तुलनात्मक अध्ययन १०-११

४.२ वाक्य तह र अन्तरवाक्य तहमा पदसङ्गति ११

४.२.१ कर्ता र क्रियाबिच पदसङ्गति (लिङ्ग ,वचन, पुरुष, आदर) ११-२०

४.२.२ कर्म र क्रियाबिच पदसङ्गति (लिङ्ग ,वचन, पुरुष, आदर) २१-२२

४.३ नाम र सर्वनामबिच सङ्गति ( वचन, आदर ) २२-२३

४.४ पदावलीका तहमा सङ्गति ( विशेषण र विशेष्य, लिङ्ग, वचन, आदर ) २३-२८

४.५ सहप्रयोगात्मक पदसङ्गति २८

४.५.१ कोटिकार र नामबिच पदसङ्गति २८-३४

४.५.२ क्रिया र अनुकरणात्मक शब्दबिच पदसङ्गति ३५-३९

४.५.३. प्राणी र थातबिच पदसङ्गति ४०-४१

४.५.४ प्राणी र मलबिच पदसङ्गति ४१-४४
४.५.५ प्राणी र आवाजबिच पदसङ्गति ४४-४५
४.५.६ सर्वनाम र विभक्तिबिच पदसङ्गति ४५-४६

## अध्याय पाँच

## निष्कर्ष, सुझाव र उपयोगिता

५.१ निष्कर्ष ४७-४८
५.२ सुझाव ४८-४९
५.३ उपयोगिता ४९
५.३.१ नीतिगत तह ४९
५.३.२ प्रयोगगत तह ४९
५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरु ४९
**सन्दर्भसामग्रीसूची**
**परिशिष्ट**

# तालिकासूची

१. नेपाली तथा मगर भाषाका केही नाम र तिनले लिने कोटिकारहरु २९-३४

२. नेपाली र मगर भाषाका केही अनुकरणात्मक शब्द र तिनले लिने क्रियापदहरु ३५-३९

३. नेपाली र मगर भाषाका प्राणी र तिनका थातबासहरु ४०-४१

४ नेपाली र मगर भाषाका प्राणी र तिनका मलहरुका केही नाम ४२

५. नेपाली र मगर भाषाका प्राणी र तिनका बच्चाहरु ४३-४४

६. नेपाली र मगर भाषाका प्राणी र तिनका आवाजहरु ४४-४५

# सङ्क्षिप्त रूप

| सङ्क्षिप्त रुप | पूर्ण रुप |
|---|---|
| डा. | डाक्टर |
| उपप्रा. | उपप्राध्यापक |
| दो.सं. | दोस्रो संस्करण |
| ते.सं. | तेस्रो संस्करण |
| चौ.सं. | चौथो संस्करण |
| पा. सं. | पाचौँ संस्करण |
| नेराप्रप्र | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |